# शारदा राजपत्र


## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या १५ मिति २०८२।०७।२४

भाग २


शारदा नगरपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।

**उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**

## उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०७/१९

प्रमाणीकरण मितिः २०८२/०७/२२

**प्रस्तावनाः**

शारदा नगरपालिका, सल्यान कृषि सम्भावनायुक्त क्षेत्र हो, जहाँ जनसङ्ख्याको ठूलो हिस्सा आफ्नो जीविकोपार्जनका लागि कृषि पेशामै निर्भर रहेको छ। कृषि नै नगरवासीको आर्थिक मेरुदण्ड भए पनि पछिल्ला वर्षहरूमा कृषकहरूलाई आफ्नो श्रमको उचित मूल्य नपाइने, उत्पादनको बजार अभाव र लगातार बढ्दो उत्पादन लागतका कारण कृषि पेशाप्रति आकर्षण घट्दै गएको देखिन्छ। यस्तो अवस्थाले नगरभित्रको कृषि उत्पादनमा ह्रास ल्याउँदै, खाद्यान्न तथा अन्य कृषिजन्य वस्तुमा बाह्य निर्भरता बढाउने जोखिम सिर्जना गरेको छ। यस कार्यक्रमले कृषकहरूलाई उनीहरूको वास्तविक उत्पादन क्षमतामा आधारित पारदर्शी र नतिजामुखी प्रोत्साहन प्रदान गरी कृषि पेशालाई आकर्षक र लाभदायी बनाउने उद्देश्य राख्दछ।

नगरपालिकाको प्राथमिकता अनुसार तरकारी, फलफूल, मसला बाली, तेलबाली, मौरीपालन, च्याउखेती, माछापालन, र पशुपन्छी क्षेत्रहरूमा उल्लेखनीय सम्भावना रहँदा पनि कृषकहरू उत्पादन वृद्धिमा उत्साहित हुन सकेका छैनन्। उत्पादनको लागि प्रयत्न गर्ने तर बजार वा मूल्य सुनिश्चितता नहुँदा कृषकहरू हतोत्साहित भइरहेका छन्। यस सन्दर्भमा, नगरपालिकाले कृषकहरूको लगानी र परिश्रमलाई सम्मान गर्दै उत्पादनमा आधारित प्रोत्साहन मार्फत उत्साह प्रदान गर्ने, स्थानीय उत्पादन वृद्धि गर्ने, र कृषक आयस्तरमा सुधार ल्याउने अभिप्राय राखेको छ।

कार्यक्रमले एकातिर कृषकलाई उत्पादन अभिमुख, प्रतिस्पर्धात्मक र व्यावसायिक बनाउनेछ भने अर्कोतर्फ स्थानीय स्तरमा उपलब्ध स्रोत, सीप, र बजारलाई उपयोग गरी कृषि क्षेत्रलाई दिगो, आधुनिक र रोजगारमुखी बनाउने वातावरण निर्माण गर्नेछ। यस कार्यविधिद्वारा नगरपालिकाले कृषकहरूबीच स्वस्थ प्रतिस्पर्धा प्रवर्द्धन गर्दै उत्पादनमा आधारित पुरस्कार र प्रोत्साहन वितरणको स्पष्ट प्रक्रिया निर्धारण गरेको छ।

यसरी तयार पारिएको कार्यविधिले नगरपालिकाको कृषि नीति, स्थानीय सन्दर्भ, र कृषक समुदायको व्यावहारिक आवश्यकता समेटी, कृषकको आत्मविश्वास, उत्पादनक्षमता, र आम्दानीमा प्रत्यक्ष योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।यस पालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि कार्यपालिकाले यो उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तयार गरी जारी गरेको छ ।

### परिच्छेद-१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(१) "अनुगमन समिति" भन्नाले नगर उपप्रमुखको संयोजकत्वमा गठित नगर कार्यपालिकाको अनुगमन समितिलाई जनाउँदछ।
(२) "आर्थिक विकास समिति" भन्नाले नगर कार्यपालिका अन्तर्गतको आर्थिक विकास समितिलाई जनाउँदछ।
(३) "कार्यक्रम" भन्नाले उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमलाई जनाउनेछ।
(४) "कृषि फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस नगरपालिकामा दर्ता वा सूचीकृत भएका कृषि फर्महरुलाई सम्झनु पर्दछ।
(५) "नगरपालिका" भन्नाले शारदा नगरपालिका, सल्यानलाई सम्झनु पर्दछ।
(६) "प्रोत्साहन रकम" भन्नाले यस कार्यविधि बमोजिम मापदण्ड पुगेका प्रस्तावनाहरुलाई प्रदान गरिने रकम सम्झनु पर्दछ।

**३. उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमको उद्देश्यः**

१) नगर क्षेत्रभित्र कृषि उत्पादनमा प्रतिस्पर्धात्मकता र उत्पादकता वृद्धि गर्नु।
२) कृषकलाई उत्पादनमा आधारित प्रोत्साहनमार्फत उत्पादन र आय वृद्धि गर्न प्रेरित गर्नु।
३) स्थानीय कृषि प्रणालीलाई व्यावसायिक र दिगो बनाउने वातावरण तयार गर्नु।
४) उत्पादन र बजार अभिमुख कृषि प्रवर्द्धन गरी स्थानीय स्रोत–साधनको अधिकतम उपयोग सुनिश्चित गर्नु।
५) नगरभित्रका उत्कृष्ट र उत्पादनशील कृषकहरूको पहिचान गरी उनीहरूलाई सम्मान तथा पुरस्कार प्रदान गर्नु।

## परिच्छेद २ कार्यक्रम सञ्चालन प्रकृया तथा मापदण्ड

**४. कार्यक्रम सञ्चालन प्रकृया**

(१) कार्यक्रममा सहभागिताका लागि नगरपालिकाले अनुसूची १ बमोजिमको २१ दिने प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ।
(२) यस कार्यविधि बमोजिम मापदण्ड पुगेका व्यावसायिक कृषक, कृषि उद्यमी तथा कृषि फर्मले तोकीएको मिति भित्र अनुसूची २ बमोजिमको फर्मेटमा आवश्यक कागजात सहित प्रस्तावना पेश गर्नु पर्नेछ।
(३) प्राप्त प्रस्तावनाहरुको फिल्ड अनुगमन कृषि विकास शाखाको समन्वयमा अनुगमन समितिले गर्नेछ।
(४) फिल्ड अनुगमनको प्रतिवेदन अनुसार प्रस्तावनाहरुको मूल्याङ्कन तथा छनौट आर्थिक विकास समितिले गर्नेछ।

**५. मापदण्डः**

(१) कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित बालिको न्यूनतम क्षेत्रफल वा संख्या तथा प्रोत्साहन रकमको सिमा रहनेछ।

| विवरण | न्यूनतम क्षेत्रफल वा संख्या | प्रोत्साहन रकमको सिमा | कैफियत |
|---|---|---|---|
| तरकारी तथा मसला बाली | पाँच रोपनी | दश हजार रुपैयाँ | |
| फलफूल बाली | १०० बोट | दश हजार रुपैयाँ | फल्ने बोट |
| दलहन तेलहन बाली | प्रति बाली पाँच रोपनी | दश हजार रुपैयाँ | |
| रैथाने बाली बस्तु | प्रति बाली पाँच रोपनी | दश हजार रुपैयाँ | |
| खाद्यान्न बाली बीउ उत्पादन | प्रति बाली दश रोपनी | दश हजार रुपैयाँ | |
| मौरीपालन | सेरेना आधुनिक २० घार | दश हजार रुपैयाँ | |
| माछापालन | दुई रोपनी | दश हजार रुपैयाँ | |
| कुखुरा पालन | स्थानीयः २०० लेयर्स तथा अन्यः २००० | दश हजार रुपैयाँ | |
| गाई/भैंसी/बंगुर | पाँच वटा माउ | दश हजार रुपैयाँ | |
| बाख्रा/भेडा/च्याङ्ग्रा | पचास वटा | दश हजार रुपैयाँ | |

(२) कार्यक्रममा कृषि फर्म दर्ता गरेका, लामो समय देखि कृषि पेशामा आवद्ध, व्यावसायिक कृषि गरेका, अन्य कार्यालयबाट सोहि शिर्षकमा अनुदान नलिएका र कृषि व्यवसायबाट रोजगारी सिर्जना गरेका कृषकहरुलाई प्राथमिकता दिईनेछ।

(३) यस कार्यविधिको दफा ५, उपदफा २ बमोजिम आर्थिक विकास समितिले प्रस्तावनाहरुको मूल्याङ्कन तथा छनौटका आधारहरु तयार गर्नेछ।

## परिच्छेद ३ विविध

**६. बजेट तथा आर्थिक पक्षः**

(१) यो कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको कार्यालयले कृषि विकास शाखा/पशु सेवा शाखा मार्फत वार्षिक स्वीकृत कार्यक्रममा सालबसाली रुपमा बजेटको व्यवस्था गरिने छ।

(२) विनियोजित बजेटको वृस्तितिकरण आर्थिक विकास समितिले गर्नेछ।

**७. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्ने अधिकार कार्यपालिकालाई हुनेछ।

**८. बचाउ तथा खारेजः**

(१) यस पूर्व कार्यकारी निर्यणबाट भए गरेको यस प्रकारका कामकारबाही यसै कार्यविधि बमोजिम गरेको मानिनेछ।

(२) यस कार्यविधि बमोजिम नगरिएका कामकारबाही कानुनतः खारेजी हुनेछ ।

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

सूचना नं. मितिः

उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना

यस आर्थिक वर्ष ……………….. मा शारदा नगरपालिकाको वार्षिक स्वीकृत उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत कृषकहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा पालिका भित्रका कृषि/पशुपालन व्यवसायसँग संलग्न व्यवसायी कृषक, कृषि उद्यमी तथा कृषि फर्महरुले दरखास्त पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र शारदा नगरपालिकाको कार्यलायमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

आवश्यक कागजातः

१. अनुसुचि २ अनुसारको निवेदन

२. सम्वन्धित वडाको सिफारिस पत्र

३. कृषि फर्मको हकमा दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

४. लालपूर्जाको प्रतिलिपि,

५. नेपालि नागरिकताको प्रतिलिपि

६. प्रतिवद्धता पत्र

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित) अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः.......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शारदा नगरपालिकाको कार्यालय खलंगा, सल्यान।

विषयः उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागि गराईदिने सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति……………………मा प्रकाशन गरिएको सूचना अनुसार शारदा नगरपालिका वडा नं. …… ………………………………… मा निवासि श्री …………………………………………….. ले तपसिलमा उल्लेखित क्षेत्रफल/संख्यामा बाली/पशुपन्छी पालन गरिरहेको हुनाले उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा समावेश गराईदिनुहुन आवश्यक कागजात सहित आवेदन पेश गरेको छु।

तपसिलः

निवेदकः

नामः

ठेगानाः

फोन नं.

दस्तखतः